# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

**खण्ड ४५) काठमाडौं, चैत्र १ गते २०५२ साल (अतिरिक्ताङ्क ४८(घ+१)**


## भाग ३

श्री ५ को सरकार
आवास तथा भौतिक योजना मन्त्रालयको
सूचना

ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति
(गठन) आदेश,२०५२

विकास समिति ऐन,२०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति (गठन) आदेश,, २०५२" रहेको छ ।

(२) यो आदेश तुरुन्त लागु हुनेछ ।

२. परिभाषा : विषय र प्रशंगले अर्को अर्थ नलागेमा यस आदेशमा -

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको ग्रामीण खानेपानी तथा सरसफाई कोष बिकास समिति सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शव्दले अध्यक्षलाई समेत जनाउछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "आयोजना" भन्नाले यस गठन आदेश वमोजिम ग्रामीण खानेपानी तथा सरसफाई आयोजनाको स्थानीय जनसहभागिताको माध्यमवाट विकास कार्यान्वयन र संचालन सम्फनु पर्छ ।

(ङ०) "उपभोक्ता समुह" भन्नाले आयोजना तर्जुमा, कार्यान्वयन तथा संचालन गर्न स्वेच्छाले आवश्यक सहयोग प्रदान गरी आयोजनावाट प्रत्यक्षरुपमा लाभान्वित हुने स्थानीय व्यक्तिहरुले प्रचलित कानून वमोजिम दर्ता गरेको उपभोक्ता समुह सम्फनु पर्छ ।

(च) "खानेपानी उपभौक्ता समिति" भन्नाले आयोजनाको तर्जुमा, कार्यान्वयन तथा मर्मत सम्भार गर्नको निमित्त उपभोक्ता समुहले आफू प्रति उत्तरदायी हुने गरी आफ्नो तर्फवाट कार्य गर्नको लागि आफ्नो समूहवाट छानेका व्यक्तिहरुको समिति सम्फनु पर्छ ।

(छ) "सहयोगी संस्था" भन्नाले आयोजना तर्जुमा तथा कार्यान्वयन गर्नको लागि उपभोक्ता समुहलाई आवश्यक सहयोग पुर्‍याउनको निमित्त समितिले छनौट गरेको र प्रचलित कानून वमोजिम स्थापित वा मान्यता प्राप्त स्थानीय, राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरको गैर सरकारी संस्था वा निजी क्षेत्रसंग सम्वन्धित संस्था सम्फनु पर्छ ।

(ज) "कार्यकारी निर्देशक" भन्नाले दफा ८ वमोजिम नियुक्त समितिको कार्यकारी निर्देशक सम्फनु पर्छ ।

(झ) "तोकिएको" वा "तोकिए वमोजिम " भन्नाले यो आदेश अन्तर्गत वनेको नियममा तोकिएको वा तोकिए वमोजिम सम्फनु पर्छ ।

३. <u>ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति गठन</u>: (१) आयोजनालाई दिगो, भरपर्दो र किफायति तवरले कार्यान्वयन गर्नको लागि उपभोक्ता समूह तथा सहयोगी संस्थालाई आर्थिक, प्राविधिक एवं संस्थागत सहयोग पुर्‍याउनको निमित्त ग्रामीण खानेपानी तथा सरसफाई कोष समिति नामको एक समिति गठन गरिएको छ ।

(२) उपदफा (१) वमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् :—

| | |
|---|---|
| (क) सचिव, आवास तथा भौतिक योजना मन्त्रालय | अध्यक्ष |
| (ख) प्रतिनिधि, (रा.प. प्रथम श्रेणी) अर्थ मन्त्रालय | सदस्य |
| (ग) प्रतिनिधि, (रा.प. प्रथम श्रेणी) स्थानीय विकास मन्त्रालय | सदस्य |
| (घ) प्रतिनिधि, (रा.प. प्रथम श्रेणी) राष्ट्रिय योजना आयोग | सदस्य |
| (ङ०) ग्रामीण खानेपानी तथा सरसफाई इन्जिनियरिंग विषयमा एक जना सहभागी मूलक ग्रामीण बिकासमा एक जना र स्वास्थ्य तथा सरसफाई विषयमा एक जना गरी श्री ५ को सरकारले मनोनित गरेको तीन जना व्यक्ति । | सदस्य |

तर,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) प्रत्येक सदस्यले आफ्नो सम्बन्धित क्षेत्रमा कम्तिमा दश वर्षको अनुभव प्राप्त गरी उक्त क्षेत्रमा विशेष योगदान पुर्‍याएको हुनु पर्ने छ ,

(२) मनोनित सदस्यहरु मध्ये दुई जना गैर सरकारी संस्थावाट र एक जना निजी क्षेत्रवाट प्रतिनिधित्व हुनु पर्ने छ,

(३) मनोनित सदस्यहरु मध्ये कम्तिमा एक जना महिला हुनु पर्ने छ , र

(४) मनोनित सदस्यहरु विगत एक वर्ष देखि कुनै राजनैतिक दलसंग सम्बन्धित पदमा रहेको हुनु हुदैन ।

(३) पहिलो अध्यक्षको पदावधि २ वर्षको हुने छ । सो पदावधि समाप्त भए पछि आवास तथा भौतिक योजना मन्त्रालयका रा.प. प्रथम श्रेणीको अधिकृतले सो अध्यक्षको रिक्त स्थानमा सदस्यको हैसियतले प्रतिनिधित्व गर्नेछन् र समितिका सवै सदस्यहरुले प्रत्येक तीन वर्षको अवधिको निमित्त अध्यक्षको निर्वाचन गर्नेछन् ।

(४) मनोनित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ । पदावधि पूरा नहुंदै कुनै मनोनित सदस्यको पद रिक्त हुन आएमा वांकी अवधिको लागि उपदफा (२) को खण्ड (ङ) को प्रक्रियाद्धारा सदस्यहरुको पूर्ति गरिनेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले समितिको हित अनुकूल कार्य गर्न सकेको छैन भन्ने कुरामा श्री ५ को सरकार विश्वस्त भएमा श्री ५ को सरकारले त्यस्तो सदस्यलाई जुनसुकै वखत सदस्यको पदवाट हटाउन सक्नेछ ।

तर यसरी पदवाट हटाउनु अघि सम्बन्धित सदस्यलाई सफाई पेश गर्ने मौका दिईने छ ।

(६) कार्यकारी निर्देशकले समितिको सचिव भई काम गर्नेछ ।

(७) समितिले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई समितिको वैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) समितिको संचालन र व्यवस्थापन सम्वन्धी नीति निर्धारण गर्ने र सो नीतिको कार्यान्वयन भए नभएको सुपरिवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(ख) तोकिए वमोजिमको मापदण्डको आधारमा कार्यकारी निर्देशकले छनौट गरी स्वीकृतिको निमित्त सिफारिस गरेका सहयोगी संस्था तथा आयोजनालाई स्वीकृति प्रदान गर्ने ।

(ग) खण्ड (ख) बमोजिम स्वीकृति प्रदान गरिएको आयोजना संचालन गर्नको लागि आवश्यक रकम उपलब्ध गराउने ।

(घ) कार्यकारी निर्देशकले पेश गरेको योजना तथा कार्यक्रमहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

(ङ) समितिको वार्षिक कार्यक्रम र वजेट स्वीकृत गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

८४१

(च) समितिको प्राविधिक तथा आन्तरिक लेखा परीक्षण गराउन स्वतन्त्र व्यवसायीक लेखा परीक्षक नियुक्त गर्ने ।

(छ) समितिले वर्ष भरी गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन र प्रत्येक वर्षको लेखा परीक्षणको प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्ने ।।

(ज) यस आदेशको अधिनमा रही समितिले गर्नु पर्ने अन्य कार्यहरु गर्ने गराउने ।

५. समितिको वैठक र निर्णय : (१) समितिका वैठक कम्तीमा महिनाको एक पटक वस्नेछ ।

(२) समितिको वैठक अध्यक्षले तोकेको मिति , समय र स्थानमा वस्नेछ । तर अध्यक्षको पद रिक्त रहेको अवस्थामा सचिवले समितिको वैठक वोलाउने छ ।

(३) समितिको सचिवले समितिको वैठक वस्ने सूचना कम्तीमा सात दिन अगावै सदस्यहरुलाई दिनु पर्नेछ र त्यस्तो सूचनाको साथमा वैठकमा छलफल हुने विषयहरुको सूची समेत सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कम्तीमा तीन जना सदस्यहरुले समितिको वैठक वोलाइयोस् भनी मनासिव माफिकको कारण देखाई लिखित माग गरेमा समितिको सचिवले अध्यक्षलाई सो कुराको जानकारी गराई सात दिन भित्र समितिको वैठक वोलाउनु पर्नेछ ।

(५) समितिको कूल सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको वैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) समितिको वैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफू मध्येवाट छानेको सदस्यले वैठकको अध्यक्षता गर्नेछ ।

(७) समितिको वैठकमा वहुमतको राय मान्य हुनेछ र मत वरावर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

तर सहयोगी संस्थाको छनौट , आयोजनाको स्वीकृति , समितिको वार्षिक कार्यक्रम तथा वजेटको स्वीकृति, कार्यकारी निर्देशकको नियुक्ति गर्ने तथा हटाउने र यस आदेश अन्तर्गत नियमहरु वनाउने सम्वन्धमा निर्णय गर्दा कम्तीमा पांच जना सदस्यहरुको एक मत नभई समितिको निर्णय हुन सक्ने छैन ।

(८) समितिको निर्णय समितिको सचिव द्वारा प्रमाणित गरिनेछ ।

(९) समितिको वैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

६. निर्णय प्रक्रियामा सहभागी हुन नपाउने अवस्था : सदस्य वा समितिका कुनै कर्मचारीले आफ्नो स्वार्थ भएको विषय वस्तुसंग सम्वन्धित समितिको कुनै निर्णय प्रकृयामा भाग लिन पाउने छैन ।

७. उप समितिहरु गठन गर्न सक्ने : (१) समितिले आफ्नो कार्य संचालन गर्नको लागि आवश्यक उप समितिहरु गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम गठित उप समितिहरुको काम , कर्तव्य, अधिकार तथा कार्यविधि समितिले तोकि दिए वमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८४२

८. कार्यकारी निर्देशकको नियुक्ति सम्वन्धी व्यवस्था : (१) समितिको प्रशासकीय प्रमुखको रुपमा दैनिक कार्य संचालन गर्नका लागि समितिले एक जना कार्यकारी निर्देशक नियुक्त गर्नेछ ।

(२) उपदफा (१) वमोजिम कार्यकारी निर्देशकको नियुक्ति नभए सम्मको लागि श्री ५ को सरकारले कुनै राजपत्रांकित कर्मचारीलाई वढीमा तीन महिनाको निमित्त कार्यकारी निर्देशकको कार्य गर्नको लागि तोक्न सक्नेछ ।

(३) कार्यकारी निर्देशकको पदावधि ४ वर्षको हुनेछ र पदावधि समाप्त भए पछि निजलाई वढीमा २ वर्षको लागि पुन : एक पटक नियुक्त गर्न सकिनेछ ।

(४) कुनै कारणवस कार्यकारी निर्देशकको पद खाली हुन आएमा उपदफा ५ वमोजिम कार्यकारी निर्देशक नियुक्ति नभए सम्मको लागि समितिले वढीमा ३ महिनाको लागि समितिको कुनै अधिकृत कर्मचारीलाई कार्यवाहक कार्यकारी निर्देशकको रुपमा नियुक्ति गर्न सक्नेछ ।

(५) कार्यकारी निर्देशक हुनको लागि चाहिने योग्यता तथा निजको नियुक्ति, पारिश्रमिक, सेवाको शर्त र सुविधा तोकिए वमोजिम हुनेछ ।

(६) कार्य क्षमताको अभाव, भ्रष्टाचार वा आफ्नो पदीय दायीत्व पुरा गर्न नसकेको देखिएमा समितिले कार्यकारी निर्देशकलाई निजको पदवाट हटाउनेछ । यसरी निजलाई पदवाट हटाउनु अघि सफाईको मौका दिनु पर्ने छ ।

९. कर्मचारी सम्वन्धी व्यवस्था : (१) समितिको कार्य संचालनको लागि समितिले खुल्ला प्रतियोगिताद्वारा आवश्यक कर्मचारीहरु तोकिए वमोजिम नियुक्त गर्नेछ ।

(२) उपदफा (१) वमोजिम नियुक्त कर्मचारीहरुको पारिश्रमिक, सेवाको शर्त, सुविधा र काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

१०. वैठक भत्ता : सदस्यहरुले समितिको वैठकमा भाग लिए वापत तोकिए वमोजिम वैठक भत्ता पाउनेछन् ।

११. समितिको कोष : (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) वमोजिमको कोषमा देहायका रकमहरु हुनेछ :-

(क) श्री ५ को सरकारवाट अनुदान स्वरुप प्राप्त रकम ।

(ख) विदेशी सरकार वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ संस्थावाट प्राप्त सहयोग वा अनुदान रकम ।

तर यसरी विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थावाट सहयोग वा अनुदान लिनु अघि श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

(ग) समितिलाई अन्य कुनै श्रोतवाट प्राप्त रकम ।

(३) समितिको तर्फवाट गरिने सम्पूर्ण खर्च उपदफा (१) वमोजिमको कोषमा जम्मा भएको रकमवाट व्यहोरिनेछ ।

(४) समितिले नेपाल राष्ट्र वैंक वा नेपाल अधिराज्यमा रहेको कुनै वाणिज्य वैंकको खातामा रकम जम्मा गरी आफ्नो कोषलाई संचालन गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।
८४२

(५) समितिको कोषको संचालन नियममा तोकिए वमोजिम हुनेछ ।

(६) श्री ५ को सरकारवाट अनुदान स्वरुप समितिलाई प्राप्त भएको रकम फ्रिज हुनेछैन ।

१२. समितिको लेखा र लेखा परीक्षण : (१) समितिको आय व्ययको लेखा प्रचलित कानून वमोजिम राखिनेछ ।

(२) समितिको वार्षिक लेखा परीक्षण महालेखा परीक्षकको विभागवाट वा महालेखा परीक्षकवाट नियुक्त स्वतन्त्र लेखा परीक्षकवाट हुनेछ ।

(३) समितिको प्राविधिक तथा आन्तरिक लेखा परीक्षण स्वतन्त्र व्यवसायीक लेखा परीक्षकवाट हुनेछ ।

तर एउटै व्यक्ति वा संस्था लगातार तीन वर्ष भन्दा वढी लेखा परीक्षकमा नियुक्त हुन सक्ने छैन ।

(४) श्री ५ को सरकारले चाहेमा जुनसुकै वखत समितिको हिसाव किताव जांच्न वा जंचाउन सक्नेछ ।

१३. निर्देशन दिन सक्ने : सहयोगी संस्था तथा खानेपानी उपभोक्ता समितिले आयोजनाको कार्यान्वयन गर्दा सम्वन्धित जिल्ला विकास समिति वा गाउं विकास समितिसित समन्वय कायम गरी काम गर्न आवश्यक छ भन्ने लागेमा समितिले त्यस्ता सहयोगी संस्था तथा उपभोक्ता समितिलाई सम्वन्धित जिल्ला विकास समिति वा गाउं विकास समितिहरुसंग समन्वय कायम गरी काम गर्ने निर्देशन दिन सक्नेछ ।

१४. अधिकार प्रत्यायोजन : (१) यो आदेश वा यस आदेश अन्तर्गत वनेका नियम वमोजिम समितिले आफूलाई प्राप्त भएको अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार कुनै सदस्य, दफा ७ वमोजिम गठित उप समिति वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकले यो आदेश वा यस आदेश अन्तर्गत वनेको नियम वमोजिम आफुलाई प्राप्त भएको अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१५. सम्पर्क मन्त्रालय : समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा श्री ५ को सरकार , आवास तथा भौतिक योजना मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१६. समितिको कार्यालय : समितिको प्रधान कार्यालय काठमाण्डौ उपत्यकामा रहनेछ र समितिले आवश्यकता अनुसार नेपाल अधिराज्यको अन्य ठाउंमा समेत शाखा कार्यालयहरु खोल्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८४४

१७. नियम वनाउन सक्ने : समितिले आफ्नो कार्य संचालन गर्नको लागि यस आदेशको अधिनमा रही आवश्यक नियमहरु वनाउन सक्नेछ ।

तर यसरी वनाएका नियमहरु मध्ये कर्मचारीहरुको नियुक्ति प्रक्रिया, तलव, भत्ता तथा अन्य सुविधा सम्वन्धित नियमहरुमा समितिले आवास तथा भौतिक योजना मन्त्रालयसंग परामर्श लिनु पर्नेछ ।

आज्ञाले,

**डी. वी. भट्टराई**

**श्री ५ को सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।